# नेपाल ख्रीष्टियन हेराल्ड
# NEPAL CHRISTIAN HERALD






**राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार**

Volume 21 No 12 Monthly International Edition of Herald of His Coming December 2020

वर्ष २१, अङ्क १२ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (पुस, २०७७)


# पवित्र आत्माले उपस्थितिका चिन्हहरू

## The Marks of the Presence of the Holy Spirit

**By JC Ryle (1816-1800)**

Vol 79 No 7 (943)

“यदि साँच्चै परमेश्वरका आत्मा तिमीहहरुमा वास गर्नुहुन्छ भने, तिमीहरु पापमय स्वभावमा होइन, तर पवित्र आत्मामा हुन्छौ। तर कुनै मानिसमा ख्रीष्टका आत्मा हुनुहुन्छ भने ता त्यो उहाँको हुँदै होइन। जब कुनै मानिसमा आत्माको उपस्थिति रहन्छ तर यस उपस्थितिको कुनै बाहिरी प्रमाण देखिँदैन भनेर सोच्नु एक भ्रम मात्र हो। हामीले धर्मशास्त्रमा लेखिएको सिद्धान्तहरुलाई कहिल्यै बिर्सनु हुँदैन, “यदि उहाँसँग हाम्रो सङ्गति छ भनी हामी भन्छौ र अन्धकारमा नै हिँड्छौ भने ता, हामी झुट बोल्छौ र सत्यमा चल्दैनौ।” (१ यूहन्ना १ : ६) “परमेश्वरको सन्तानको हो र दियाबलसको सनातनको हो, यसैबाट प्रस्ट हुन्छ- ठीक काम नगर्ने व्यक्ति परमेश्वरको सन्तान होइन र त्यो व्यक्ति पनि होइन, जसले आफ्नो दाजुभाइलाई प्रेम गर्दैन।” (१ यूहन्ना ३ : १०) यहाँ केही व्यक्तिहरु छन् जसले ख्रीष्टमा बाचेको छु भनेर गर्व गर्छन् र भन्छन् उनीहरुलाई क्षमा गरिएको छ र गरिन्छ जबकि तिनीहरू घरिघरि जानी-जानी पाप गर्छन् र परमेश्वरको आज्ञाहरुको खुल्ला रुपमा उल्लंघन गरेर बाँचिरहेका हुन्छन्। ख्रीष्टमा साँचो विश्वास गर्ने व्यक्ति पापको निम्ति मरिसकेको हुन्छ। ख्रीष्टमा साँचो आशा राख्ने व्यक्तिले आफूलाई शुद्ध राख्छ जसरी उहाँ शुद्ध हुनुहुन्छ। “अनि जस्तो उहाँ पवित्र हुनुहुन्छ, उहाँमाथि यो आशा राख्ने हरेक मानिसले आफूलाई पवित्र पार्छ।” (१ यूहन्ना ३ : ३)

हाम्रो जीवनमा आत्माले उत्पन्न गर्ने असरहरु नै उहाँको उपस्थितिको भरपर्दो प्रमाणहरु हुन्। के पवित्र आत्मा तपाईंहरुभित्र वास गर्नुहुन्छ ? तपाईंले नदेखेको काम गर्नु मूर्खता हो। यसले सुसमाचारको पहिलो सिद्धान्तलाई भ्रममा पार्दछ। यसले प्रकाश र अन्धकार र परमेश्वरका सन्तान र परमेश्वरका सन्तानलाई मिश्रित गर्दछ। हामीले हामीभित्र चलिरहेको आत्मा कसको हो भनेर पत्ता लगाउनुपर्छ। जहिले पनि हामीले परमेश्वरको वचनमा हाम्रा प्रभु येशू ख्रीष्टले दिनुभएको सिद्धान्तलाई पछ्याउनुपर्छ, जुन कुरा बाइबलको उत्पत्तीदेखि प्रकाशसम्म मेल खाने हुनुपर्छ। प्रभु येशूले भन्नुभयो तिमीहरुले फलबाट तिमीहरुले तिनीहरुलाई चिन्नेछौ। “यसरी ती अगमवक्ताहरुलाई तिनीहरुका फलबाट चिन्नेछौ।” (मत्ती ७ : २०) जहाँ पवित्र आत्मा हुन्छ त्यहाँ फल फल्नेछ। जसमा आत्माका फलहरु देखिँदैन उससँग पवित्र आत्मा हुँदैन। आत्माको कामचाहिँ अव्यवस्थित ठाउँमा व्यवस्थित बनाउने हो। जहाँ वास्तवमा आत्मा हुनुहुन्छ त्यहाँ परमेश्वरको काम भएको महसुस गर्नुहुनेछ र देख्नुहुनेछ। त्यस कार्यको बारेमा पूर्ण ज्ञान पाउनुहुनेछ।

जसरी तपाईँलाई थाहा छ कम्पासको सुईलाई यसको उत्तर मोडेर चुम्बकीय बनाउनु पर्छ। अर्को कुरा तपाईंलाई थाहा छ कि रुखमा जीवन छ यो हामीले कसरी पत्ता लगाउदछौँ भने यसको पात फूल र फलद्वारा नयाँ नयाँ पालुवा आइरहेको हुन्छ। त्यसरी नै एउटा मानिसको हृदयमा पवित्र आत्माले वास गर्नुभएको छ भन्ने पत्ता लगाउनु हामीले उसले गरेका उत्तम कामको फलबाट थाहा लगाउन सक्छौ। जब एकजना मानिसले असल काम गर्दछ र उसको पछि थोरै मानिसले ज्ञान पाउँदछन्

उसको आत्माको फल पाउँदछ।

**पाँच मुख्य चिन्हहरु**

पवित्र आत्माको उपस्थिति जान्न सक्ने खास फलहरु के के हुन् ? यो प्रश्नको उत्तर गाह्रो छैन। पवित्र आत्माले सधैँ निश्चित ढाँचामा काम गर्नुहुन्छ। जसरी माहुरीले सधैँ आफ्नो चाकालाई निश्चित आकारमा बनाउँदछ। त्यसरी नै परमेश्वरको आत्माले मानव हृदयमा काम गर्दछ। त्यो काम उहाँले सधैँ समान रुपले गरिरहनु हुन्छ। संसारले उहाँको कामलाई कुनै किसिमको सुन्दरता देख्दैन। यो संसारका मानिसहरुका लागि मूर्खता हो। तर उहाँ आत्मिक हुनुहुन्छ र सबै कुराको न्याय गर्नुहुन्छ "आत्मिक मानिसले सबै कुराको जाँच गर्दछ, तर ऊ चाहिँ कुनै मानिसद्वारा जाँचिने छैन।" (१ कोरिन्थी २ : १५) राम्रो निर्देशन दिएको इसाईलाई परमेश्वरको आत्माको फल राम्ररी थाहा हुन्छ। तिनीहरु विवेकशील मानिस र खोटरहित मानिसको निम्ति अचम्मित भएका छन्। "विवेकशील व्यक्तिको लागि ती सबै उचित छन्, ज्ञान हुने मानिसको निम्ति ती खोटरहित छन्।" (हितोपदेश ८ : ९)। यी पाँच चिन्हहरु निम्न प्रकारका छन् हामीले एक एक गरेर हेर्नेछौँ।

**(१) जहाँ पवित्र आत्मा हुनुहुन्छ,** त्यहाँ सधैँ पापको गहिरो विश्वासता हुनेछ र यसको लागि साँचो पश्चाताप हुनेछ। बाइबलमा यसरी लेखिएको छ, "अनि जब उहाँ आउनुहुन्छ, उहाँले संसारलाई पाप धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनु हुनेछ।" (यूहन्ना १६ : ८) उहाँले परमेश्वरको अति पवित्रता देखाउनु हुनेछ। उहाँले नै संसारको निम्ति अति मन नपर्ने कामहरु सिकाउनु हुन्छ। उहाँले हामीलाई अन्धकारबाट छुटाउनु हुन्छ। उहाँले हाम्रो आँखालाई दोष र खतराबाट मुक्त गराउनुहुन्छ। उहाँले हामीलाई घृणित पापबाट अलग राख्नुहुन्छ। उहाँले पापलाई घृणा गर्नुहुन्छ पापीलाई प्रेम गर्नुहुन्छ।

**(२) जहाँ पवित्र आत्मा हुनुहुन्छ,** त्यहाँ एक मात्र उद्धारकर्ताको रुपमा येशू खीष्टमा सधैँ विश्वास रहन्छ। खीष्टको गवाही दिनु खीष्टबाट आशिष लिनु र अरुलाई उहाँबाट पाएको आशिष यो पवित्र आत्माको काम हो। "जे जति पितासँग छन् ती मेरा हुन्। यसैकारण मैले भने जे मेरो हो त्यो मबाट लिएर आत्माले तिमीहरुलाई घोषणा गरिदिनुहुनेछ।" ( यूहन्ना १६ : १५) जसले येशूमा आफ्नो पापलाई पश्चाताप गर्दछ, उसलाई आत्माले अगुवाइ गर्नुहुन्छ। खीष्टको रगतको दुवाइले उनीहरुलाई पवित्र तुल्याएको छ। हामीलाई परमेश्वरको नजिकमा ल्याउनलाई उहाँले क्रूसमा सबै दुःख भोग्नुभयो। पापीहरुलाई धर्मी ठहराउन आत्माले काम गर्नुहुन्छ। पापले हामीलाई दोषी बनाउँदछ। हामीले केवल खीष्टलाई ग्रहण गर्नुपर्दछ, खीष्टमा विश्वास गर्नुपर्दछ, आफूलाई खीष्टमा समर्पण गर्नुपर्छ। क्षमा, शान्ति र अनन्त जीवन उहाँले हामीलाई दिनु हुनेछ। यदि हामीले यसो गर्‍यौँ भने उहाँले हामीलाई हाम्रो सबै योग्यतामा उहाँले कार्य गर्न सहायता गर्नुहुन्छ। उहाँले हाम्रो हृदयलाई हेर्नुहुन्छ। खीष्टले हाम्रो अपराधहरु क्षमा गर्नुहुन्छ। "उहाँ हाम्रा अपराधहरुका निम्ति मारिनुभयो र हामीलाई धर्मी तुल्याउनलाई जीवित पारिनुभयो।" (रोमी ४ : २५)

**(३) जहाँ पवित्र आत्मा हुनुहुन्छ,** त्यहाँ जीवन र कार्यको सधैँ पवित्रता हुन्छ। उहाँ पवित्र आत्मा हुनुहुन्छ। "येशू खीष्ट हाम्रा प्रभु मरेकाहरुबाट पुनरुत्थान भएर पवित्रताको आत्माअनुसार शक्तिमा परमेश्वरको पुत्र ठहरिनु भयो।" (रोमी १ : ४) उहाँ पवित्र आत्मा हुनुहुन्छ। उहाँले मानिसका कडा, सांसारिक र शारीरिक हृदयलाई हटाइदिनुहुन्छ र त्यसको ठाउँमा कोमल, इमान्दार र आत्मिक हृदय राखिदिनुहुन्छ र परमेश्वरको वचनमा आनन्दित बनाउँदछ। उहाँले मानिसलाई परमेश्वरतिर फर्काउनु हुन्छ। तर हामीले सबै कुरामा उहाँलाई प्रसन्न तुल्याउनु पर्छ। सांसारिक कुरालाई आफ्नो परमेश्वरको ठाउँ दिनु हुँदैन जस्तै विभिन्न किसिमका उत्ताउला पोसाक, भोजमज्जामा समय बिताउनु संसारले के मागेको छ त्यसलाई पूरा गर्नतिर लाग्नु हुँदैन। शुद्ध र पवित्र मानिसको हृदयमा विभिन्न प्रकारका आत्माका फलहरु फलाउनु पर्छ। जस्तैः "आत्माका फलहरुचाहिँ यी हुन्। "प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाई, विश्वासतता, नम्रता, संयम हुन्। यस्ता कुराहरुको विरुद्धमा कुनै व्यवस्था छैन।" (गलाती ५ : २२ - २३)

**(४) जहाँ पवित्र आत्मा हुनुहुन्छ,** त्यहाँ सधैँ व्यक्तिगत प्रार्थनाको बानी हुनेछ। उहाँ अनुग्रह र बिन्तीको आत्मा हुनुहुन्छ "अनि म दाउदको घराना र यरुशलेमका बासिन्दाहरुमाथि अनुग्रह र नम्र निवेदन गर्ने आत्मा खन्याउने छु। तिनीहरुले मलाई हेर्छन्, जसलाई तिनीहरुले घोचेका छन् र जसरी एक मात्र छोराको लागि केही शोक गर्दछ, त्यसरी नै तिनीहरु उनको लागि शोक गर्नेछन् र पहिले जन्मेको पुत्रको निम्ति गरेजस्तै शोक गर्नेछन्।" (जकरिया १२

**नियमित बाइबल पढ्ने बानी बसालौँ**

: १०) उहाँले मुक्तिदाताको आत्माको रुपमा काम गर्नुहुन्छ। जसद्वारा हामी पितालाई अब्बा पिता भनेर पुकार्दछौं। आत्माले एउटा मानिसको हृदयलाई परमेश्वरलाई पुकार्ने काम गराउँदछ, त्यो व्यक्तिले परमेश्वरलाई पुकार्नैपर्छ। परमेश्वरसँग बोल्नै पर्छ । उसले पश्चाताप गर्नुपर्छ र आफ्नो आत्मा र जीवनको निम्ति ऊ उहाँसँग रुनुपर्छ। एउटा मानिस जीवित रहनलाई जसरी श्वासप्रश्वासको आवश्यक हुन्छ त्यसरी नै उसको जीवन जिउनलाई प्रार्थनाको आवश्यक हुन्छ र उसले लगातार प्रार्थना गरिरहनु पर्दछ।

(५) अन्त्यमा, **जहाँ पवित्र आत्मा हुनुहुन्छ**, त्यहाँ सधैं प्रेम र परमेश्वरको वचनको आदर हुन्छ। नवजात शिशुको बाँच्नुको लागि दुधको चाहना जति गर्दछ र त्यो शिशुले आफ्नै आमाको दुधको चाहना राख्दछ, त्यसरी नै एउटा खीष्टियनले आफ्नो आत्मिकी जीवन बचाउनको निम्ति परमेश्वरको प्रेम र वचनमा चाहना राख्नु पर्दछ। "नयाँ जन्मेका बालकहरु जस्तै शुद्ध आत्मिक दुधको तृष्णा गर र त्यसबाट तिमीहरु आफ्नो मुक्तिमा बढ्दै जान सक्नेछौ। तर परमप्रभुको व्यवस्थामा नै त्यो खुसी रहन्छ र त्यसले दिनरात उहाँकै व्यवस्थामा मनन गर्छ।" (१ पत्रुस २ : २ र भजनसंग्रह १ : २) पवित्र धर्मशास्त्रले मानिसलाई बुद्धिका ज्ञानका र पूर्णताका कुरा सिकाउँदछ। जुन कुरा सांसारिक मानिसका आँखाबाट लुकाइएको हुन्छ। परमेश्वरको ज्योतिले र आत्मिक मन्नाहरुले मानिसलाई परमेश्वरको वचनतिर आकर्षित गरेको हुन्छ। जुन आज यस संसारको निम्ति सुरक्षित यात्राका निम्ति अति नै आवश्यक छ त्यो पवित्र धर्मशास्त्रमा मात्र पाउन सकिन्छ।

मैले आत्माको उपस्थितिमा यी पाँचवटा मुख्य चिन्हहरु मेरा पाठकसमक्ष राख्दछु र विश्वासका साथ तिनीहरुमा ध्यान दिनुहोस् भन्दछु। म पूर्ण विश्वास गर्दछु कि हरेक पाठकवर्गले पूर्ण रुपमा यसलाई निरीक्षण गरी परमेश्वरतिर पश्चातापसहित फर्कनलाई आह्वान गर्दछु। सम्पूर्ण खीष्टियनवर्गहरुलाई म यो आग्रह गर्दछु कि पूर्ण निवेदन र विश्वासका साथ विनम्र प्रार्थनामा लगातार लागिरहन र आशिष पाउन सक्नुहोस्। प्रेम र परमेश्वरको वचनको आदर गर्दै पवित्र आत्माको वासस्थान आफ्नो हृदयलाई बनाउँदै पूर्ण रुपमा लागिरहनु होस्। जब तपाईंले पवित्र आत्मालाई तपाईंको जीवनमा यी पाँच मुख्य कुरालाई काम गर्न दिनुहुन्छ। आफ्नो जीवनमा विभिन्न किसिमका फलहरु फलेको देख्नु हुनेछ। तपाईंको जीवनमा कहिल्यै पनि यी पाँच कुराको अभाव हुने छैन।

यदि तपाईंसँग पवित्र आत्मा हुनुहुन्छ भने- तपाईंले परमश्वर पितासँग प्रार्थना गर्नुहोस् र उहाँलाई आफ्नो जीवनमा निमन्त्रणा गर्नुहोस्। हामीले यसरी प्रार्थना गर्‍यौं भने परमेशवरले आफ्नो आत्मा हामीमाथि खन्याउनु हुन्छ। यसको लागि पवित्र धर्मशास्त्र बाइबलले हामीलाई निश्चित गराउँदछ। तिमीले पश्चाताप गरेर उहाँको चरणमा आउँदछौं भने उहाँले आफ्नो आत्मा हामीमा खन्याइदिनुहुन्छ। "यदि मेरो हप्की तिमीहरुले ग्रहण गरेका भए म आफ्नो हृदयका कुराहरु तिमीहरुसँग पोख्ने थिए र मेरा विचारहरु तिमीहरुलाई थाहा गराउने थिएँ।" (हितोपदेश १ : २३) यदि हामी पापी हौ भने आफूलाई सोच्दछौं र आफ्ना नानीहरुलाई केही असल कुरा दिन चाहन्छौं भने परमेश्वरले त झन किन नदिनुहुने ? "येशूले भन्नुभयो, तिमीहरु दुष्ट भईकन आफ्ना छोराछोरीहरुलाई असल थोकहरु दिन जान्दछौ भने, तिमीहरुका स्वर्गीय पिताले उहाँसँग माग्नेहरुलाई कति बढी गरेर पवित्र आत्मा दिनुहुनेछ।" (लूका ११ : १३) अन्त्यका दिनमा धेरैले गवाही दिनेछन्, उनीहरुले गरेको प्रार्थना सुनुवाइ हुनेछ र उनीहरुले खोजेको भेट्टाउनेछन्। सबैभन्दा महत्वपूर्ण कुरा खीष्ट येशूको व्यक्तित्व र चरित्रमा विश्वासता छ, उहाँ दायालु हुनुहुन्छ र उहाँले पापीहरुहरुलाई उहाँकहाँ आउन निम्तो दिनुहुन्छ। उहाँकहाँ आउन चाहने कसैलाई पनि उहाँले अस्वीकार गर्नुहुन्न "तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरुलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो।" (यूहन्ना १ : १२)

यसकारण, जब तपाईं खाँचोमा हुनुहुन्छ येशूकहाँ जानुहोस् उहाँले तपाईंलाई पूर्ण रुपले तपाईंको खाँचो पूरा गरिदिनुहुनेछ। पापको संगतमा नरहनुहोस् जसले तपाईंलाई व्यर्थ जान दिनु हुँदैन। आफ्नो प्राणको निम्ति प्रार्थना गर्नुहोस्। उहाँलाई पश्चातापसहित स्वीकार गर्नुहोस् उहाँले तपाईंलाई कहिल्यै तुच्छ ठान्नु हुने छैन। साँचो रुपमा परमेश्वरको नजिकमा जानुहोस् र खोज्नुहोस् तपाईंले पाउनु हुनेछ, ढकढकाउनु होस्, तपाईंको निम्ति खोलिने छ। म सबै पापीहरुलाई यही आह्वान गर्न चाहन्छु कि खीष्टसँग प्रशस्तताको जीवन छ।

यदि तपाईंसँग पवित्र आत्मा हुनुहुन्छ भने - म खीष्टको आत्मा प्राप्त गरेका सबै खीष्टियनहरुलाई पश्चाताप गर्ने, व्यक्तिहरुलाई उहाँले नजिक ल्याउनु हुन्छ। तपाईंको जीवनमा एउटा मात्र आत्मालाई परमेश्वरको राज्यमा ल्याउन सक्नुभयो भने कति आशिषको कुरा हो। उहाँलाई पवित्र आत्माको निम्ति प्रार्थना गरिदिनु पर्छ। आत्माको शक्तिमा आज्ञाकारी बनेर उहाँको वचनले सम्पूर्ण

मानिसहरुको बीचमा पुऱ्याउन सक्न अति नै प्रशंसनीय कुरा हो । उनीहरुको कमजोरीलाई ख्रीष्टकहाँ ल्याउन र असल संगति दिन हाम्रो कर्तव्य हुन्छ । सानासाना कमजोरीलाई स्वीकार गर्दै उनीहरुलाई परमेश्वरको राज्यको निम्ति बलियो बनाउँदै जानु पर्छ । तपाईंले उनीहरुको निम्ति विशेष प्रार्थना गर्नु पर्छ । उनीहरुलाई परमेश्वरको वचनमा बलियोसँग जरा गाड्दै अगाडि बढाउनु पर्छ । संसारले मानिसलाई आफूतिर खिच्न खोजेको हुन्छ ।

अन्तमा, मण्डली र संसारमा आत्माको वृद्धिको निम्ति दैनिक प्रार्थना गर्नुहोस् । यसको हामीलाई ठूलो आवश्यकता पर्दछ । अहिलेका प्रचारक पनि पावलहरु जस्तै हुन् उनीहरु पनि केही कुरामा कम छैनन् । हामीलाई यस संसारमा काम गर्नको निम्ति पवित्र आत्माको अति नै आवश्यक छ । हामीले अरु मानिसहरुको निम्ति जहिले पनि आत्मामा बोझ उठाएर औपचारिक रुपमा काम गर्नु पर्दछ । त्यसैले संसारमा रहँदा हामीले परमेश्वरको राज्यको निम्ति पवित्र आत्माको राम्रोसँग खोजी गर्ने बनाउनु पर्छ र आत्माले भरिएर काम गर्नु पर्छ ।

# म किन परमेश्वरको लागि प्रयोग हुन सकिन ?

## Why Am I Not More Used of God?

**By Keith Brooks (1888-1954)**

Vol 79 No 8 (944)

हामी बाँचिरहेको यो समयको निम्ति प्रभु येशू ख्रीष्टले एउटा उल्लेखनीय दृष्टान्त बताउनु भयो । मत्ती २५ : १ - १० का "बुद्धिमती कुमारीहरु" यो दृष्टान्तमा बुद्धिमती कुमारीहरुले दुलहालाई पर्खेर बस्दा प्रयोग हुने तेलको विषयमा हो । जुन तेलको सहायताबाट उनीहरु घोर अन्धकारको समयमा आफ्नो मार्गहरु उज्यालो बनाएका थिए । अहिलेका हजारौं ख्रीष्टियनहरुका लागि असल सुसमाचारको सन्देश यही हो कि कुनै पनि चिज अँध्यारोमा सुख्खा मरुभूमिजस्तै हुन्छ र उनीहरुको जीवन बेकार हुन्छ । पावलले धेरैको लागि उदाहरण देखाएका छन् । "भक्तिको भेषचाहिँ लिने तर त्यसको शक्तिलाई इन्कार गर्ने हुनेछन् । त्यस्ता मानिसहरुबाट अलग बस ।" (२ तिमोथी ३ : ५) यस्ता मानिसहरुको जीवनमा पवित्रआत्माको शक्तिको बारेमा केही पनि थाहा हुँदैन ।

जीवनमा पवित्र आत्माको नियन्त्रण केवल व्यक्तिगत सुरक्षाको लागि मात्र होइन तर कसैलाई ख्रीष्टको लागि प्रभावकारी साक्षी दिन पनि महत्वपूर्ण छ । "जसले ममाथि विश्वास गर्दछ, धर्मशास्त्रले भनेअनुसार त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरु बगी निस्कनेछन् । तर यो कुरो उहाँले पवित्र आत्माको विषयमा भन्नुभएको थियो, जुन पवित्र आत्माले उहाँमाथि विश्वास गर्नेहरुले प्राप्त गर्न लागेका थिए । किनकि पवित्र आत्मा अहिलेसम्म दिइएको थिएन, किनभने येशूको महिमा अझसम्म भएको थिएन ।" (यूहन्ना ७ : ३८ - ३९) अनुग्रहको यस युगको सुरुमा हाम्रा प्रभुले भन्नुभयो, "तर पवित्र आत्मा तिनीहरुमा आउनु भएपछि तिमीहरुले शक्ति पाउनेछौ र तिमीहरु यरुशलेममा, सारा यहूदियामा, सामारियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरो साक्षा हुनेछौ ।" (प्रेरित १ : ८) "येशूले फेरि भन्नुभयो, हेर म मेरा पिताको प्रतिज्ञा तिमीहरुकहाँ पठाउँछु, तर माथिबाट शक्ति प्राप्त नगरुन्जेल तिमीहरु यही सहरमा बसिरहो ।" (लूका २४ : ४९) त्यस दिनदेखि आजसम्म कोही पनि पवित्रआत्माको शक्ति नपाएको मानिसहरुले विजय हासिल गरेको छैन । जसले पवित्र आत्माको शक्ति पाएका छन्, उसले एक्लै पनि आफ्नो विश्वासलाई दृढता साथ नवीकरण गर्दै मानिसहरुको आत्मालाई शिक्षा, सीपको व्यक्तित्वलाई अगाडि बढाउँदै लैजान सकेकाछन् ।

परमेश्वरको सबैभन्दा ठूलो कार्य कमजोर मानिसहरुलाई शक्तिशाली मानिस बनाउने र उनीहरुलाई पुनर्जीवित पार्नलाई सहायता पुऱ्याउने हो । जो मानिसहरुमा पवित्र आत्माको शक्ति हुन्छ उनीहरु नपढेका भए पनि धेरै विद्वान् मानिसहरुका बीचमा प्रतिष्ठित हुन्छन्, किनकि आत्माको शक्तिद्वारा विद्वान्हरुको बीचमा उनीहरु सफल भएका हुन्छन् । परमेश्वरले यस्तैहरुलाई रहस्यकोको काम गर्नको निम्ति चुन्नुभएको छ ।

पवित्रता, सेवाको आध्यात्मिक समृद्धिको लागि पवित्र आत्मा हाम्रो आवश्यकता हो । गोलियतलाई मार्ने दाऊद ती हुन् जसले येशूको आत्मा आफ्नो हृदयमा श्रीपेच बनाएर राखेका थिए र आफूलाई शक्तिशाली औजार हुनको निम्ति प्रयोजनमा ल्याएका थिए र समर्पित भएका थिए । "आफ्ना शरीरका अङ्गहरु दुष्टताका साधनहरुको रुपमा पाप गर्नेलाई समर्पण नगर । तर मृत्युबाट जीवनमा ल्याइएका मानिसहरुजस्तै आफैलाई परमेश्वरकहाँ दिइहाल र शरीरका अङ्गहरुलाई धार्मिकताका साधनजस्तै परमेश्वरकहाँ समर्पण गर ।" (रोमी ६ : १३)

मानव इतिहासको कुनै पनि समयमा

यो कुरा बुझ्नु अति नै आवश्यक छ। यदि हामी परमेश्वरको आत्मामा भरिपूर्ण भएनौं भने शैतानले हाम्रो कमजोरीहरु पत्ता लगाउनेछ र हामीलाई फसाउने कोशिस गर्दछ। बाइबलले हामीलाई यसरी भन्दछ, "यसकारण हे स्वर्गमा हुने हो तिमीहरु रमाओ तर पृथ्वी र समुद्रलाई धिक्कार छ ! किनभने आफ्नो समय अल्प छ भनी थाहा पाएर दियाबलस ठूलो क्रोधसाथ तिमीहरुकहाँ तल आएको छ।" (प्रकाश १२ : १२) र मानिसका छोराहरुलाई फसाउन दियाबलसले खाडलका दूतहरु निकालिरहेको छ। दुलहीको आगमन नजिकै छ। हजारौं मानिसहरु आध्यात्मिक अन्धकारमा डुबिरहेका छन्। आज मण्डलीले आफ्नो गवाही डुबाइसकेको छ। विश्वास गर्ने विश्वासीहरुले आफ्नो ठूलो गतिविधिहरु देखाइरहेका छन्। उनीहरुको हातमा बत्ती त छन् तर बत्तीको लागि तेल छैन। केवल नम्र विश्वासीहरुमात्र आत्माले भरिएर परमेश्वर जो सर्वशक्तिमान हुनुहुन्छ। उहाँमा रहेर, काम गरेका हुन्छन्। तिनीहरु मात्र विजयी हुन्छन् र अरु मानिसलाई सही मार्गमा डोऱ्याएका हुन्छन्।

बाइबलले व्यक्तित्व विकास गर्नेबारे केही पनि बताएको छैन। ईश्वरीय मानिसहरुको लागि मात्र परमेश्वर सोध्नुहुन्छ कि व्यक्तिगत योग्यताको बाबजुद उहाँमा समर्पण गर्नेहरुको माध्यमबाट असाधारण कार्य गर्न सक्षम हुनुहुन्छ। शक्ति परमेश्वरबाट आउँदछ। "परमेश्वरले एउटा कुरो बोल्नुभएको छ, मैले दुई सुनेको छु, कि हे परमेश्वर, तपाईं बलिया हुनुहुन्छ र हे परमप्रभु तपाईं प्रेमी हुनुहुन्छ, निश्चय नै हरेक मानिसहरुलाई त्यसको काम अनुसारको प्रतिफल तपाईं दिनुहुन्छ।" (भजनसंग्रह ६२ : ११ - १२)

खीष्टको सेवा शारीरिक र मनोवैज्ञानिक शक्तिद्वारा गर्न सकिँदैन। के तपाईंको बत्तीमा तेल छ ? के तपाईंलाई बाइबल थाहा छ ? के तपाईं आत्माले भरिपूर्ण हुनुहुन्छ ? यो एउटा तपाईंलाई दिइएको आदेश हो। "दाखमद्यले नमात्तिओ, कारण त्यो विलासिता हो, तर पवित्र आत्माले भरिपूर्ण होओ।" (एफिसी ५ : १८)। "अब अन्त्यमा, प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा बलवान होओ।" (एफिसी ६ : १०) परमेश्वरको इच्छा कहिल्यै पनि आफ्ना सन्तानहरु निर्बल र निर्बुद्धि होऊन् भन्ने हुँदैन।

समस्या यो हो कि हामी उहाँले 'मलाई खोज्नुभएको छ र मेरो हृदयलाई जाँच्नुहुन्छ भन्ने कहिल्यै ख्याल राखेनौं।' हामी जहिले पनि उहाँलाई भन्नुपर्छ कि 'ममा कुनै खराबी छ कि छैन हेर्नुहोस् र मलाई अनन्तको बाटोमा डोऱ्याउनुहोस्' भजन लेखकले यसरी भन्दछन्, "हे परमेश्वर मलाई जाँच्नुहोस् र मेरो हृदयलाई जान्नुहोस्। मलाई जाँच्नुहोस् र मेरा चिन्ताहरुलाई जान्नुहोस्। हेर्नुहोस्, ममा कुनै खराब चाल छ कि ? र मलाई अनन्तको मार्गमा डोऱ्याइदिनुहोस्।" ( भजनसंग्रह १३८ : २३ - २४) यदि परमेश्वरको आत्माले हामी भरिएका छैनौं भने यो सम्भव छैन। प्रभुको आमाले भरिएका मानिसले मात्र यी कार्य गर्न सक्छन्। जहिले पनि आफू घट्नु र अरु बढ्नु हाम्रो सिद्धान्त हुनुपर्दछ। यूहन्नाले यसो भन्दछन्, "उहाँ बढ्नु तर म चाहिँ घट्नु आवश्यक छ।" (यूहन्ना ३ : ३०) हाम्रो अभाव भनेकै पवित्र आत्माबाट आउने शक्ति हो। यदि हामी उहाँमा पूर्ण रुपमा समर्पण गऱ्यौं भने हामी उहाँले भन्नु भएजस्तै हुन सक्छौं र परमेश्वर हाम्रो मालिक हुनुहुन्छ र हामीले उहाँले भन्नुभए बमोजिम गर्न सक्छौं।

पवित्र आत्माले सुरुका विश्वासीहरुलाई आत्मिक उपस्थितिको अर्थ लगाउनुभएको थियो। खीष्ट तिनीहरुका लागि एक र जीवित वास्तविकता बन्नुभयो। के आज कुनै इमान्दार विश्वासीको लागि उहाँले काम गर्नुभएको छैन ? उहाँले हाम्रो जीवनलाई खीष्टको चेतनाले भर्न, हाम्रो चरित्रमा नयाँ गुणहरु राख्न हामीलाई प्रभुको अनन्त शक्तिको फोहरामा जोडिरहने प्रतिज्ञामा हुनुहुन्छ। के तपाईं यो गर्न तयार हुनुहुन्छ। के तपाईंलाई यो अनन्त जीवनको बारेमा थाहा छ, के तपाईंले कहिल्यै सोध्नुभएको छ, हे प्रभु म तपाईंमा अधिक प्रयोग किन हुन सकिन ?

उहाँ विना परिश्रम महान् भएको चाहनुहुन्न। उहाँले तपाईंलाई कुनै अस्पष्ट कुनमा कडा परिश्रम गर्न छोडिदिन सक्नुहुन्छ। तर उहाँले तपाईंको कामलाई बहुमूल्य बनाउन सक्छ। उहाँले तपाईंको जीवनको बाहिरी अभिव्यक्तिलाई खीष्टको उपस्थितिकोमा लैजान सक्नुहुन्छ। उहाँले तपाईंलाई उहाँको शक्ति र आनन्द दिन सक्नुहुन्छ र तपाईं अहिले नै स्वर्गमा हुनुहुन्छ भन्ने भान बनाइदिनुहुन्छ। अब तपाईंले आफ्नो बत्तीमा तेलले भर्नु अति नै आवश्यक छ। तपाईंले ढिला गर्न अगावै पवित्र आत्मासँग सिधै सम्झौता गरेर उहाँको साथमा रहनु आवश्यक छ। आफ्नो शरीरलाई जीवित बलिदान गर्नुपर्छ। "यसकारण भाइ हो परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरुलाई अनुरोध गर्दछु कि तिमीहरुको आत्मिक उपासनाको रुपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जीउँदो बलिदानको रुपमा अर्पण गर।" (रोमी १२ : १) बाँकी सबै काम परमेश्वर आफैले गर्नुहुन्छ।

# रोप्ने र काट्ने : हाम्रा बालकहरूको जीवनमा

## (Sowing and Reaping in our Children's life)

**By D.L. Moody (1837 – 1899)**

अभिभावकहरू तपाईंले आफ्नो परिवारमा कुन प्रकारको बीउ छर्दै हुनुहुन्छ ? के तपाईंले आफ्ना नानीहरूलाई असल कुरा सिकाउँदै हुनुहुन्छ कि खराब ? के तपाईंले तिनीहरूको कलिलो हृदयमा परमेश्वरको धार्मिकताको उदाहरण छर्दै हुनुहुन्छ कि ?

आजको परिवार र परमेश्वरको वारेमा कुराकानी गर्दा मैले एउटा घटनाबाट यो पाठ सुरु गर्न चाहन्छु। कुनै एउटा गाउँमा एक जना बुवा थिए उनले आफ्नो छोरा सँग अब धर्मको बारेमा कुराकानि गर्दिन भनी प्रतिज्ञा गरेका थिए। "बाबु अब तिमी ठूलो भयौ । तिमी आफैले स्वइच्छाले धार्मीकता वा अधर्मीकता छान्नुपर्छ ।" भनी उनले छोरालाई सिकाए । यतिवेला त्यो केटाको हाता भाँचिएको थियो र डाक्टरले प्लास्टर गर्दै थिए । बाबुले त्यो केटालाई गालिमात्र गरिरहे । तँ नराम्रो, तेरो काम छैन मात्र भनिरहे ।

डाक्टरले यो कुरा सुनिरहेका थिए र उनले बाबुलाई भने "तपाईंले आफ्नो छोराको हृदयमा परमेश्वरको डर राख्दिनुको साटो सैतानको वारेमा धेरै कुरा गर्नु भयो यसरी तपाईंले कहिलै पनि वालकहरूलाई सिकाउन सक्नुहुन्न ।" बाबुचाहिँ दंग परेर डाक्टरको कुरा सुनिरहे । हो, कतिघरहरूमा परमेश्वरको भन्दा धेरै दुष्टको कुरा हुन्छ त्यसरी बालकहरूले दुष्टका कुराहरू सजिलै सिक्दछन् । ति बाबुले आफ्ना छोरा छोरीलाई जंगलि बनाइरहेका थिए । उनलाई सामा धानमा त्यतिकै आउँदैन त्यसको बीउ अदृश्य हुन्छ भन्ने कुरा थाहा रहेनछ । एक पटक एक जनाका कविको साथीले आफ्ना छोरा छोरीलाई ठिक प्रकारले सिकाउन नसकेकोमा दुख मान्दै निक्कै आपत्ति जनाए । कविले उनलाई आफ्नै हेर्नको लागि उनलाई निमन्त्रणा गरे । दुबै जना सँगै वगैंचामा गएर र त्यहाँ देखाए एउटा खराब झार कुनै मतलब नै नगरि बढ्दै थियो तर हाम्रो फूललाई हुकाउन निकै मेहनत गर्नु परेको थियो । हो, हाम्रो जीवनमा पनि खराब कुरा हुर्किन कुनै दुःख गर्नु पर्दैन तर धार्मिकता उमार्न निकै कोशिस गर्नुपर्छ । त्यही माटो, पानी मुल एउटै हो, विचार गर्नुहोस्, त मैले यहाँ के भन्दैछु ।

उसको साथीले भन्यो 'हेर्नुहोस मित्र तपाईंले यदी लिली र गुलावको फूल भएन भने त्यसलाई तपाईंले वगैचा भन्नुहुन्न ? के तपाईंले दिमाग र मुटुको वारेमा एउटा कुरो याद गर्नु भएको छैन । वालकहरूको जीवन पनि त्यस्तै हो हामीले नै उनीहरूलाई धर्मी वा अधर्मी बनाएका हुन्छौ । हुन त कुनै पनि अभिभावकले आफ्नो छोराछोरी वेठिक होस् भन्दैनन् असल बनाउने प्रयास गर्दछन् तर ठिक प्रकारले सिकाउन सकिरहेका हुँदैनन् । त्यसले गर्दा उनिहरू कुकर्म तिर तानिएका हुन्छन् । खराब कुरा सानो हुँदा नै औषधी गर्नुपर्छ पछि जरा गाडेपछि एकदमै गाह्रो हुन्छ कति पटक त उनीहरू फर्केर आउनै नसक्ने अवस्थामा पुगेका हुन्छन् । किसानले माटोलाई सधैं असल बनाउने प्रयास गर्नु पर्दछ । माटोले झार र फूललाई सँगै उत्पादन गरेको हुन्छ । प्रियहरू ! आज तपाईंले परिवारमा झार उत्पादन गर्दै हुनुहुन्छ कि फूल ? अर्को एउटा उदाहरण दिन चाहन्छु एक जना बुबा एकदिन विहानै उठेर आफ्नो कार्यालयको अगाडि थुप्रिएको हिउँलाई सफा गर्न जान्छन् । उनले त्यहाँ एउटा सानो २ वर्षको केटालाई त्यो हिउँ माथि उभिन प्रयास गर्दै गरेको देखे । त्यो सानो वालकले भन्यो तिमी यहाँ किन आएको घर जाउ मलाई काम गर्न देऊ । उसले यो कुरा कसरी सिक्यो ? कसरी भने उसको बाबुले उसलाई सधैं त्यस्सै भन्नुहुन्थ्यो । हाम्रो बोली, बानीहरूबाट बालकहरूले असल कुरा वा खराब कुरा सिक्दछन् । कुराले जित्न नसकेपछि हामी कतिपटक झोक्किदै रक्सी भट्टि तिर गएका छौं भने हाम्रा छोराछोरीले त्यस्तै कुरा सिक्दछन् । हाम्रा छोरा छोरीलाई हामीले धेरै पटक पापको खाडलमा धकेलिरहेका हुन्छौं । जानि नजानि हामीले त्यो गरिरहेका हुन्छौं । हुनसक्यो त्यो कुरा तपाईंले पनि आफ्ना बाबु आमा बाट सिक्नु भयो होला । यसरी अधार्मिकता हामीले पुस्ता पुस्ता सम्म सारिराखेको हुन्छौ । अब तपाईंले यो कुरा राम्रो सँग विचार गर्नु पर्ने हुन्छ ।

हाम्रा साथी र मेरो कुरा अझै सिद्धिएको छैन जब उनलाई सब कुरा बताए उनी रोकिएर अलि हिचकिचाए, भविष्यलाई चारैतिर हेरे मेरो मुहारमा हेरे उनको मनले भन्दै थियो 'मेरो छोराको हृदयको भित्रपट्टि नराम्रो कुरा छिराएकोमा मा लज्जित छु ।' उनी निकै वेर घोरिए हामी दुवै जना नबोलि बस्यौं । म मेरो बाटो लागें त्यसपछि उनलाई के भयो थाहा भएन ।

बुबा आमाहरूले के तपाईंले आफ्ना छोराछोरीलाई सिकाएको मार्ग ठिक छ त ? के त्यसमा उनीहरू हिँडेका छन् ? के तपाईंले भन्न सक्नुहुन्छ "म जसरी परमेश्वरको मार्गमा हिँडेको छु मेरा छोरा छोरीहरू पति त्यही मार्गमा हिँडेका छन् ।" तपाईंका छोराछोरीहरू महान गोठालो (येशू) बाट सुरक्षित छन् ? असल बीउहरू छर्ने उत्तम समय भनेको दुष्टले छर्नु भन्दा पहिलेनै छर्नु हो । यो विषयमा परमेश्वरले धेरै चेतावनीहरू र उत्साह दिनु भएको छ। "पहिला परमेश्वर र उहाँको धार्मिकताको खोजी गर" । -मत्ती ६ : ३३) "बालकलाई उ हिँड्नु पर्ने मार्गमा तालिम देऊ ।" (हितोपदेश २२ : ६) आफ्ना बालकहरूलाई रिस नउठाऊ तर तिमीहरूलाई परमेश्वरको पालन पोषण र सल्लाहमा हुर्काउनुहोस् ।" (एफिसी ६ : ४)

एक जना कृषकले वसन्त ऋतुमा बीउ छर्न सकेन भने पछि पछुताएर कामै छैन । बालकहरूलाई मतलब गरिएन भने तिनीहरूको जवानी त्यत्तिकै वित्दछ । यस्तै युवा अवस्था पनि अर्को विउ छर्ने उमेर हो । त्यो मौका पनि थाहा पाउनु भएन भने अब तिनीहरूसँग बाट कुनै कुराको आशा गर्न छाड्नु होस् । हलुको माटो नभएर कडा जमिन भयो भने विरुवा उम्रन सक्दैन त्यतिकै निस्सासिन्छ । एक पटक जरै गाडेर गडिएकोमा झारलाई जति उखेल्न खोजे पनि सकिदैन । उखेलियो भने अलि अलि रहन्छ वा उखेल्न निकै मुल्य चुकाउनु पर्दछ ।

एक जना किसानले झार देख्ने वित्तिकै उखेल्नु पर्दछ । झार बढ्ने वित्तिकै उखाल्न सजिलो हुन्छ, तर ठूलो भयो भने कठिन हुन्छ । झार पनि सानो हुँदा नै उखेल्नु पर्दछ ।म प्रार्थना गर्दछु यो लेखबाट तपाईंले आशिष प्राप्त गर्नुभयो । आफ्ना छोरा छोरीलाई परमेश्वरको मार्गमा लगाउन सकिएन भने तपाईं र म विश्वासी भएको व्यर्थै हो । यो कुरा याद गर्नुहोस् असल पिता हुनको लागि पढ्न जाने कुनै स्कूल छैन । तपाईंले बाइबलबाट सिक्नुपर्छ । पवित्र आत्माले तपाईंले असल कुरा सिकाउनु हुनेछ ।


## हार्दिक शुभकामना

**हाम्रा मुक्तिदाता प्रभु येशू ख्रीष्टको शुभ जन्मोत्सव (ख्रीष्टमस) साथै नव वर्ष २०२१ को सुखद अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनी तथा नेपालका सम्पूर्ण मण्डली परिवारमा उत्तरोत्तर प्रगति, सुख, शान्ति एवं सुस्वास्थ्यको शुभकामना व्यक्त गर्दै सबैमा शान्ति, प्रेम, विश्वास र एकता लागि परमेश्वरसँग प्रार्थना गर्दछौं ।**

## नेपाल ख्रीष्टियन हेराल्ड परिवार

| | |
|---|---|
| प्रेरणा मण्डली परिवार | जी. एन. माउन्टेन गियर परिवार |
| ग्रेस एकेडेमिक कन्सल्टेन्सी परिवार | समर्पण आमा-दिदीबहिनी प्रार्थना सङ्गति |
| पिप्ले मण्डली परिषद्, चितवन परिवार | ACTS नेपाल परिवार |



**विशेष धन्यवाद**

पा. माधव पौडेल, रुची पौडेल, प्रभात पौडेल, दीपक लामिछाने, चित्र सेन्चुरी, ललित तामाङ ।

**स्थानीय वितरक**

रमेश बिडारी तथा हेराल्ड इन्टरनेसनल अफिस दक्षिण कोरिया, एस्तर कुमाल, टोकियो, जापान, इस्माइल लेप्चा, दार्जीलिङ, भारत, सागर श्रेष्ठ, दुबई, केदार तामाङ, मलेसिया, पावल राई, बहराइन, सी.बी. लोप्चन, काठमाडौँ, हेराल्ड अफिस, नयाँ बजार, काठमाडौँ ।

# BOOKPOST

## पत्र पाउनेको ठेगाना (TO)

**नाम** (Name) :

**ठेगाना** (Address) :

## हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह–सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 01- 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Shanti Poudel

Editor: Nava Raj Panta